नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

पाँचथर, फिदिम

पत्र सख्याः-०८३/८४

चलानी नं. ४५३

मितिः२०८३।०६।०८

नेपाल सम्बतः११४६

श्री स्थानीय तह सबै, पाँचथर।

श्री सडक डिभिजन कार्यालय, इलाम।

श्री तमोर कोरिडोर, फिदिम फालोट, रवि राँके भेडेटार, मध्यपहाडी सडक आयोजना कार्यालय।

बिषय :- उच्च सतर्कता अपनाउने सम्बन्धमा।

उपरोक्त सम्बन्धमा गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ५७८, मिति २०८३-०६-०७ गतेको निर्देशन अनुसार नेपाल मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जारी गरेको विशेष मौसमी बुलेटन अनुसार २०८३-०६-०८ गतेदेखि ऐ. ११ गतेसम्म देशभरका विभिन्न स्थानमा भारी देखि अति भारी वर्षा हुने पूर्वनुमान गरिएको हुँदा उक्त अवधीभर देहाय अनुसार गर्नु गराउनु हुन अनुरोध छ।

देहायः

१. स्थानीय प्रहरी प्रशासनसँग समन्वय र सहकार्यमा सबै वडाहरुमा सचेतनामूलक सन्देश सहित माइकिङको व्यवस्था मिलाउने।

२. जोखिमयुक्त वस्तीहरुमा पूर्व सतर्कता अपनाउने र सुरक्षित स्थानमा स्थानान्तरणको व्यवस्था मिलाउने।

३. विपद् पूर्व र पश्चात हुन सक्ने घटनालाई मध्यनजर गरी महिला, बृद्ध, अपांग र बालबालिकाहरुलाई सुरक्षित स्थानमा राख्नका लागि समन्वय र सहकार्य गर्ने।

४. नदीतटीय क्षेत्रका नागरिकहरुलाई सतर्कता अपनाउन अनुरोध गर्ने।

५. नदी क्षेत्रमा माछा मार्ने, पौडी खेल्ने, बालुवा ढुंगा निकाल्ने, काठ दाउरा निकाल्ने जस्ता कुनै पनि कार्य नगर्न सर्वसाधारण नागरिकहरुलाई अनुरोध गर्ने।

६. आवश्यकता अनुसार सामुदायिक भवन, संघ संस्थाका भवन र विद्यालयहरुलाई आश्रय स्थल तोकि जोखिम अवस्थामा रहेका आफ्ना नागरिकहरु तथा आफ्नो स्थानीय तहमा रहेका जोसुकैलाई सुरक्षित बसोबासको प्रबन्ध गर्ने।

७. २०८३-०६-०८ देखि ऐ.११ गतेसम्म अत्यावश्यक काम नपरी घर वा सुरक्षित स्थानबाट बाहिर नजान र रातको समयमा यात्रा नगर्न सबै नागरिकहरुलाई आग्रह गर्ने।

८. विपद्मा परी उद्धार तथा राहतको आवश्यक परेमा सम्बन्धित स्थानीय तह, DEOC को १२३४, नेपाल प्रहरीको १००, सशस्त्र प्रहरीको ११९४ र मौसम सम्बन्धि थप जानकारी चाहिएमा ११५५ नम्बरमा सम्पर्क गर्न सबै नागरिकलाई सूचित गर्ने।

दाहाल

प्रमुख जिल्ला अधिकारी

फोन नं.०२४ – ५२२०८८/५२२२५०, ०२४ – ५२११३३ Email: dpanchthar@gmail.com

Website: daopanchthar.moha.gov.np

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## पाँचथर, फिदिम

९. यस जिल्ला भित्रका मेची राजमार्ग, तमोर कोरिडोर, फिदिम फालोट, रवि राँके भेडेटार, मध्यपहाडी सडक सहित अन्य भित्री सडक तथा बाटाघाटाहरु समेत पूर्ण रुपमा सुरक्षित नभएको कारण मिती २०८३-०६-०८ गतेदेखि २०८३-०६-११ गतेसम्म बेलुका ०७:०० बजेदेखि विहानः ०५:०० बजेसम्म यातायात (सवारी) आवागमन बन्द गर्ने भनि जिल्ला सुरक्षा समितिबाट निर्णय भएकोले निर्णय कार्यान्वयनको लागि सहयोग गर्नुहुन।

(वासुदेव दाहाल)
प्रमुख जिल्ला अधिकारी

बासुदेव दाहाल
प्रमुख जिल्ला अधिकारी

फोन नं.०२४ – ५२२०८८/ ५२२२५०, ०२४ – ५२२१३३ Email: dpanchthar@gmail.com
Website: daopanchthar.moha.gov.np